# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे , मकवानपुर

बागमती प्रदेश , नेपाल

☎९८५५०७२०७२
☎९८५५०८८४६६


पत्र संख्या : २०७८/७९
चलानी नं. : २००९

मिति : २०७९/०२/११

विषय : आधारभूत तह कक्षा ८ को नतिजा प्रकाशन सम्बन्धमा ।

श्री कक्षा ८ संचालित सम्पूर्ण सामुदायिक विद्यालय,
बागमती गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको मिति २०७९/०१/०८-१६ गतेसम्म संचालित शैक्षिक वर्ष २०७८ को पालिका स्तरीय आधारभूत तह कक्षा ८ को परीक्षाको नतिजा, पालिका अन्तर्गत आधारभूत तहको परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित स्थानीय परीक्षा बोर्डको मिति २०७९/०२/११ गतेको निर्णयानुसार एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली(IEMIS) मा सम्बन्धित विद्यालयहरुले हेर्न मिल्ने गरी प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । सम्बन्धित विद्यालयहरुले नतिजा बारे सम्बन्धित परीक्षार्थीहरुलाई जानकारीको लागि तपसिलमा बमोजिमको प्रक्रियाबाट गर्नुहुन अनुरोध छ । साथै लेटर ग्रेडीङ निर्देशिका २०७८ को बुँदा नं. ७ मा व्यवस्था भएबमोजिम बढीमा कुनै दुई विषयमा तोकिएको ग्रेड प्राप्त गर्न नसकेका विद्यार्थीहरुका लागि सम्बन्धित विद्यालयहरुले नै मिति २०७९ जेठ ३० गतेभित्र ग्रेड वृद्धि परीक्षा संचालन गरी नतीजा प्रकाशन गरी सो को विवरण स्थानीय परीक्षा बोर्ड समक्ष पेश गर्नुहुन समेत अनुरोध छ ।

**<u>तपसिल</u>**

१. iemis.cehrd.gov.np वा iemis.moe.gov.np मा गइ आफ्नो विद्यालयको id र password राखी iemis log in गर्ने ।
२. Manage Exam मा click गर्ने ।
३. School Level Marks मा click गर्ने ।
४. Grade 8 मा choose गर्ने ।
५. View Ladger मा click गर्ने ।
६. Export to pdf मा click गर्ने ।
७. Download भएको File लाई print गरी नतीजा हेरी विद्यार्थीको जानकारीका लागि नतीजा प्रकाशन गर्ने ।

(रामप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

(**नोट :** विद्यालयले गैरपरीक्षार्थीको नतीजाको प्राप्तांक template भरी upload गरेको पाइएमा ग्रेडसिट उपलब्धी नहुने र उक्त विद्यालयको प्रधानाध्यापकलाई आवश्यक कारवाही हुने जानकारी गरिन्छ ।)


Email : bagmatimunmakwanpur@gmail.com, bagmatimunmakwanpur.edu@gmail.com
Website : www.bagmatimunmakawanpur.gov.np